प्रदेश सरकार

३ नं. प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

हेटौंडा

## कृषि यान्त्रीकरणमा अनुदान कार्यक्रम अन्तर्गत साझेदारको लागि प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७६/६/९**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, हेटौंडा अन्तर्गत कृषि विकास निर्देशनायको आ.व. २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि यान्त्रीकरण प्रवर्धन सम्बन्धी दोश्रो संशोधित कार्यविधि, २०७५/०७६ अनुसार कृषि यन्त्र उपकरणहरु खरिद गर्न प्रदेश नं. ३ का कृषक समूह, कृषि सहकारी, निजी फर्म, कृषि उद्यमीले यो सूचना प्रकाशित भएको ३० दिनभित्र कार्यालय समय भित्र सम्वन्धित कृषि ज्ञान केन्द्रमा देहाय वमोजिमका कागजात सहित निवेदनसाथ प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ । (साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने र उक्त यन्त्रहरुको सम्पूर्ण खरिद प्रकृया चैत्र मसान्त भित्र सम्ममा सम्पन्न गर्नुपर्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**पेश गर्नुपर्ने कागजातहरूको विवरण**

१. रु. १०।- को हुलाक टिकट टाँस गरेको निवेदन
२. मेशिनरी औजार संचालन तथा मर्मत सम्बन्धि तालिम लिएको भए सो प्रमाणपत्रको प्रतिलिपि
३. आधिकारीक दर्ता प्रमाण पत्रको प्रतिलिपि
४. संस्था नविकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र
५. साझेदारको PAN वा VAT प्रमाणपत्रको प्रतिलिपि
६. गत आ.व. को कर चुक्ता प्रमाणपत्र
७. साझेदारको निर्णय प्रतिलिपि
८. साझेदारले अनुदान प्रकृयाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र
९. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र फोटो १ प्रति (पासपोर्ट साइजको)

**विस्तृत जानकारीको लागि सम्वन्धित कृषि ज्ञान केन्द्र/कृषि विकास निर्देशनालयको फोन नं. ०५७-५२०४६६ वा कार्यविधिको लागि भू.व्य.कृ.तथा स.म.को वेवसाईट www.molmac.p3.gov बाट प्राप्त गर्न सक्नेछ ।**

प्रदेश सरकार

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

प्रदेश नं ३, हेटौंडा, मकवानपुर

## कृषि विकास कार्यक्रममा सहभागी हुन प्रस्ताब अह्वानको सूचना

सूचना नं ३/०७६/७७

**प्रथम पटक प्रकाशित मिति २०७६/०६/०९**

कृषि विकास निर्देशनालय , प्रदेश नं ३ , हेटौडाको आ. ब. २०७६/७७ को स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको कार्यक्रमहरु यस निर्देशनालय मार्फत कार्यान्वयनको लागि सम्बन्धित कार्यक्रम संचालन कार्यविधिले तोकीए बमोजिमका शर्तहरु पालन गरि साझेदारी गर्न इच्छुक आबेदक वा प्रस्तावकहरुबाट यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र (२०७६/०७/०८ भित्र) यस कृषि विकास निर्देशनालय वा सम्बन्धित कृषि ज्ञान केन्द्रमा कर्यीबिधिहरुमा तोकीएको कागजातहरु संलग्न गरि प्रस्ताब दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताबहरु उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराइन्छ । थप जानकारीको लागि यस निर्देशनालयको फोन नं. ०५७-५२०४६६, ०५७-५२११०४ मा सम्पर्क राख्नुहुन वा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेबसाइट www.molmac.p३.gov.np बाट सम्बन्धित कार्यक्रम संचालनको लागि तोकिएको कार्यविधि डाउनलोड गरि बिस्तृत जानकारी लिन सक्नुहुनेछ ।

### तपसिल

| क. सं. | कार्यक्रमको नाम | ईकाई | परिमाण | साझेदार संस्था | निर्देशनालयको अधिकतम साझेदारी रकम | स्वीकृत कार्यविधिको नाम | लागु गरिने जिल्ला |
|---|---|---|---|---|---|---|---|
| १ | निजि/ समूह/सहकारीको सहकार्यमा बढीमा ५०% अनुदानमा जैविक बिषादी विकास तथा विस्तार कार्यक्रम | संख्या | २ | समूह/सहकारी/निजि क्षेत्र | ५०% साझेदारी(बढीमा १ करोड) | जैविक बिषादी उत्पादन कारखाना विकास तथा विस्तार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६ | काभ्रे(१), चितवन(१) |
| २ | समूह/ सहकारी/निजि क्षेत्र संगको सहकार्यमा कृषि पर्यटन प्रबर्धन कार्यक्रम | संख्या | १३ | समूह/सहकारी/निजि क्षेत्र | ५०% साझेदारीमा बढीमा ५० लाख | कृषि पर्यटन प्रबर्धन कार्यक्रम कार्यविधि,२०७६ | प्रदेश भर |
| ३ | स्थानीय तह, सहकारी तथा निजि क्षेत्र संगको सहकार्यमा अभियानमुलक फलफुल बिरुवा वृक्षारोपण कार्यक्रम | संख्या | ५००००० | स्थानीय, तह/सहकारी/निजि क्षेत्र | कार्यविधि बमोजिम | अभियानमुखी फलफुल वृक्षारोपण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ | प्रदेश भर |
| ४ | मागमा आधारित लिफ्ट सिंचाई कार्यक्रम | संख्या | ५० | उपभोक्ता समिति/सहकारी/निजि क्षेत्र | ५०%(बढीमा ४० लाख ) | मागमा आधारित लिफ्ट सिंचाई कार्यक्रम संचालन कर्याबिधि, २०७६ | प्रदेश भर |
| ५ | किवी बगैचामा थाक्रो ब्यबस्थापनको लागि पोलमा अनुदान | संख्या | २५००० | समूह/सहकारी/निजि क्षेत्र | ५०%(बढीमा १ हजार) | किवी बगानमा थाक्रा ब्यबस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि | प्रदेश भर |
| ६ | निजि/ सहकरिसंगको सहकार्यमा ५० प्रतिशत अनुदानमा आधुनिक फलफुल नर्सरी विकास तथा विस्तार कार्यक्रम | संख्या | ८ | समूह/सहकारी/निजि क्षेत्र | ५०%(बढीमा ५० लाख) | आधुनिक फलफुल नर्सरी विकास तथा विस्तार कार्यक्रम कार्यविधि,२०७६ | चितवन(२), मकवानपुर(१) काभ्रे(२), रामेछाप(२), धादिंग(१) |
| ७ | निजि/सहकारी/समूह संगको सहकार्यमा ५० प्रतिशत अनुदानमा बृहत्तर आलु विकास तथा विस्तार कार्यक्रम | संख्या | २ | समूह/सहकारी/निजि क्षेत्र | ५०% (बढीमा १.७५ करोड) | बृहत्तर आलु विकास तथा विस्तार कार्यक्रम संचालन कार्यविधि,२०७६ | दोलखा शैलुंगमैलुंग गा. पा.(१), रामेछाप गोकुलगंगा गा. पा (१) |
| ८ | प्रांगारिक कौसिखेती कार्यक्रम | संख्या | २५०० | कार्यविधि अनुसार | ५०%(बढीमा गमलामा आधारित १०हजार, हाइड्रोपोनिक्समा बढीमा २५ हजार) | प्रांगारिक कौसिखेती प्रबर्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ | काठमाडौं उपत्यका (२०००),चितवन(५००) |
| ९ | निजि/सहकारी संगको सहकार्यमा ५० प्रतिशत अनुदानमा एकिकृत फलफुल प्रसोधन केन्द्र(किवी) विकास तथा विस्तार कार्यक्रम(काभ्रे, दोलखा, | संख्या | १ | निजि/सहकारी | ५०% (बढीमा १ करोड) | एकिकृत फलफुल प्रसोधन केन्द्र स्थापना कार्यक्रम संचालन कर्याबिधि,२०७६ | काभ्रे/रामेछाप/दोलखा/सिन्धुली |